February 7th, 2025 Friday

आकाशवाणी

प्रमुख समाचार-

PM VISIT

प्रधानमन्त्री नरेन्द्र मोदी सोमवार देखि फ्रान्चको तीन दिने यात्रामा रहनु हुनेछ। आफ्नो यात्राको बेला श्री मोदीले पेरिसमा, फ्रान्सका राष्ट्रपति .Emmanuel Macron का साथमा श्री मोदीले Artificial Intellegence अर्थात कृत्रिम बुद्धिमता शिखर सम्मेलनको सह-अध्यक्षता गर्नुहुनेछ। विदेश सचिव विक्रम तिवारीले आज नयाँ दिल्लीमा यो जानकारी दिनुभयो। उहाँले भन्नुभयो प्रधानमन्त्रीले, अमेरीकाका राष्ट्रपति Donald Trump सित यो महीनाको 12 र 13 तारीख द्विपक्षीय बैठक गर्न अमेरीकाको यात्रा पनि गर्नु हुनेछ।

भारत सौर ऊर्जा

भारतले एक सय गीगावाट स्थापित सौर ऊर्जा क्षमतालाई पार गरि एक ऐतिहासिक उपलब्धि हासिल गरेको छ। यसपछी, अक्षय ऊर्जामा विश्वमा अग्रणीको रूपमा भारतको स्थिति मजबूत भएको छ। नवीन तथा नवीकरणीय ऊर्जा मन्त्रालयले, यो उपलब्धि, स्वच्छ र हरित भविष्य प्रति देशको प्रतिबद्धताको प्रमाण भएको भनेको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा २०३० सम्म पाँ सय गीगावाट गैर जीवाश्म ईधन... आधिरित ऊर्जा क्षमताको महत्वकांक्षी लक्ष्यलाई साकार गर्ने दिशामा यो एक महत्वपूर्ण कदम हो। नवीन तथा नवीकरणीय ऊर्जा मन्त्री पहलाद जोशीले पछिल्लो दस वर्षहरूमा भारतको ऊर्जा यात्रा, ऐतिहासिक र प्रेरणादायक रहेको भन्नुभएको छ।

उहाँले सौर पैनल, सौर पार्क अनि सफटाँप सौर परियोजनाहरू जस्ता पहलहरूले कान्तिकारी परिवर्तन गरेको उल्लेख गर्नुभयो। श्री प्रहलाद जोशीले भारत आत्मनिर्भर हुँदै गएको मात्र न भई, दुनियालाई हरित ऊर्जाको क्षेत्रमा एउटा नयाँ मार्ग पनि देखाई रहेको भन्नुभयो।

लोकसभा बजट चर्चा

लोकसभामा आज आम बजेट 2025.26 माथि चर्चा भयो। चर्चाको थालनी गर्दै काँग्रेसका धर्मवीर गांधीले केन्द्रिय बजेट, देशका सामु रहेका कृषि चुनौतिहरूको समाधान गर्न विफल रहेको आरोप लगाउनुभयो। उहाँले किसानहरूको आत्महत्याको मुद्दा पनि उठाउनुभयो।

उहाँले भन्नुभयो, सूक्ष्म लघु र मद्यम उद्योग क्षेत्रमा सरकारको ध्यान छैन अनि बजटमा यसबारे विचार गरिएको छैन। काँग्रेस नेताले देशमा गुणस्तरीय शिक्षा दिन दिनै महंगो हुँदै गएको र देशका गरीब अनि बंचितहरूका लागि यो ठुलो समस्या भएको भन्नुभयो।

समाजवादी पार्टीका शिवपाल सिंहले पनि बजटको आलोचना गर्नुभयो।उहाँले देशमा किसानहरूलाई उनीहरूको उपजको उतिच मूल्य प्राप्त न भई रहेको भन्नुभयो। देशमा उर्वरकहरूको मूल्यको मुद्दा पनि उहाँले उठाउनुभयो। तृणमूल काँग्रेसका अभिषेक बनर्जीले LPG सिलेंडरहरूको मूल्य वृद्धिको मुद्दा उठाउनुभयो। उहाँले देशमा किसानहरूसित जोड़िएका मुद्दाहरू माथि सरकारसित प्रश्न गर्नुभयो। श्री बनर्जीले केन्द्रिय बजटमा पश्चिम बंगाललाई पर्याप्त आबन्टन न भएको आरोप लगाउनुभयो।

चर्चामा भाजपाका राव राजेन्द्र सिंहले केन्द्रिय बजटको प्रशन्सा गर्दै यसमा गरीब, किसान र महिलाहरूको हितको ध्यान राखिएको छ भन्नुभयो। उहाँले सरकारले किसानहरूको भलाई माथि ध्यान केन्द्रित गरेको र यस दिशामा कैंयन पहलहरू गरिएका छन् भन्नुभयो।
देशमा विगत केही वर्षमा प्रत्यक्ष करमा लगातार वृद्धि भएको उहाँले भन्नुभयो।

BSI Valedictory

भारतीय वनस्पति सर्वेक्षण सिक्किम हिमाली क्षेत्रीय केन्द्र गान्तोक र राज्यको वन तथा पर्यावरण विभागको तत्वावधानमा गान्तोकमा आयोजित वनस्पति विज्ञान शब्दावली पाठ्यक्रम आज सम्पन्न भयो।

पञ्जीकृत शोधकर्ता, शिक्षाविढ़हरू र अन्य सम्वन्धित व्यक्तिहरूका लागि उद्भिदहरूको नामकरण सम्बन्धी नियमहरूबारे जानकारी दिन पाँच दिवसीय कार्यक्रमको आयोजना गरिएको थियो।
सिक्किमलाई अद्वितीय वनस्पति र जीवजन्तुका लागि चिनिन्छ र यहाँ पाइने धेरै विरूवा तथा जड़ीबुटीहरूबाट जीवनरक्षण औषधिहरू तयार पार्न सकिन्छ।

कार्यक्रममा प्राप्त आफ्नो अनुभव साझा गर्दै एकजना सहभागी ..।

पाठ्यक्रममा विश्वप्रसिद्ध उद्भिद शब्दावली विशेषज्ञ हार्बड विश्वविद्यालयका डा. कान्चि नटराजन गान्धीले अन्तर्राष्ट्रिय शब्दावली संहिताको नयाँ संस्करणबारे प्रकाश पार्नुभयो।
यसमा प्राप्त आफ्नो अनुभव साझा गर्दै एकजना सहभागी ...।

सिक्किम हिमाली क्षेत्रीय केन्द्र गान्तोकमा भारतीय वनस्पति सर्वेक्षणका प्रमुख डा राजीव गोगोईले वनस्पति शब्दोवती  कार्यशालाको समापन समारोहमा बोल्दै आकाशवाणी गान्तोकबाट विशेष रूपमा बोल्दै भन्नुभयो ...।

संशोधित हरियाणा सूजकुण्ड मेला

केन्द्रिय मन्त्री गजेन्द्र सिंह शेखावत तथा हरियाणाका मुख्यमन्त्री नायक सिंह सैनीले आज फरीदाबादमा, अड़तीसौं सूरजकुण्ड अन्तर्राष्ट्रिय शिल्प मेलाको उद्धाटन गर्नुभयो। यस वर्ष मेलाका साझेदार राज्यहरू- मध्यप्रदेश र ओड़ीशा हुन्।

मेलामा मिस्र, इथियोपिया, सीरिया, अफगानिष्तान, बेलायत लगायत लगभग ४२ देशहरूमा झण्डै ६०० प्रतिभागीहरूले भाग लिई रहेका छन्। यस बाहेक, BIMSTER देशहरू- बाँग्लादेश, भूटान, भारत, म्यान्मार, नेपाल, श्रीलंका र थाइलैड लगायत कैंयन देशहरूले मेलामा भाग लिई रहेका छन्। यसको उद्देश्य हस्तशिल्प र हथकरधालाई बढुवा दिनु रहेको छ। यस अवसरमा श्री शेखावतले मेलालाई एकता र सकारात्मकताको प्रतीक भएको बताउनुभयो।उहाँले भन्नुभयो, यो मेलाले देशको कलात्मक विरासतलाई प्रदर्शित गरिन्छ त्यसलाई विश्व मंचमा अघाढ़ी बढ़ाउँदैछ। मन्त्री महोदयले भन्नुभयो, यो मेलाले एक भारत, श्रेष्ठ भारत को अवधारणालाई साकार गर्दछ र भारत, विश्वमा पर्यटन स्थलको रूपमा विकसित भई रहेको छ।

मेलामा भाग लिने शिल्पकारहरको प्रशन्सा गर्दै हरियाणाका मुख्यमन्त्री नायब सिंह सैनीले जोड़ दिँदै भन्नुभयो, शिल्पकारहरूले देशको सांस्कृतिक विरासतलाई कायम राख्दै यस मेलामा कैंयन रूपमा प्रदर्शित गरेको छ। भारतको शिल्प दुनिया भरिमा प्रसिद्ध भएको उहाँले भन्नुभयो।

श्री सिंहले भन्नुभयो, सूरजकुण्ड मेलाले देशको संस्कृतिलाई वैश्विक मंचमा ल्याउँदै अनि वसुधैव कुटुंबकमको उपधारणालाई साकार गर्छ। मेला, यो महिनाको २३ तारीखसम्म दिन्हुँ बिहान 10 बजे देखि सांझ ८ बजे सम्म चल्नेछ।

महाकुंभ-आकाश्वाणी महानिदेशक

आकाशवाणी महानिदेशक डा प्रज्ञा पालीवाल गोंडाले आज प्रयागराजको महाकुम्भमा आकाशवाणीको कैंम्प कार्यलयको दौड़ाहा गर्नुभयो। उहाँले आकाशवाणीका अधिकारीगण अनि कर्मचारीहरूका साथ कुराकानी गर्नुभयो अनि महाकुम्भको व्यापक कभरेजका लागि गरिएका व्यवस्थाहरूको समीक्षा गर्नुभयो।

आकाशवाणीले १० जनवरीका दिन कुम्भवाणीको थालनी गरेको थियो।यस कार्यक्रमलाई १०३ दशमलव ५ मेगाहर्टमा फ्रीक्वेंसी newsonair App अनि OTT  वेव्साइटमा सुन्न सकिन्छ।